# मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू

## परिचय

मर्यादापूर्वक मानव जीवन यापनका लागि आवश्यक पर्ने अधिकारहरूको सूचीलाई हामी मानव अधिकार भन्न सक्दछौं ।

मानव अधिकारले असमानतालाई अस्वीकार गर्दछ । भेदभावलाई अस्वीकार गर्दछ । सबैले सहजरूपमा अधिकारको उपयोग गर्न पाउनु पर्ने मान्यता राख्दछ । मानव अधिकार मध्ये केही विशिष्ट अधिकारलाई संविधानले मौलिक हकमा समेटेको हुन्छ, जसलाई मौलिक अधिकार भन्ने गरिन्छ ।

यसका अतिरिक्त संविधानले पछिल्लो चरणमा आएर राज्यका नीति निर्देशक सिद्धान्तमा आधारभूत अधिकारहरूलाई संरक्षण गर्ने व्यवस्था गरेको पाइन्छ ।

**मौलिक हक**

संविधानले राज्यका विरुद्ध नागरिक र व्यक्तिलाई संरक्षण गर्न प्रत्याभूति गरेका अधिकारहरू मौलिक अधिकार हुन् । (State obligation towards people espacially its citizens.)

मौलिक हक राज्यका विरुद्ध परिलक्षित हुन्छन् । त्यसैले मौलिक अधिकारलाई नकारात्मक अधिकार पनि भन्ने गरिन्छ ।

मौलिक अधिकार राज्यले नागरिकलाई दिएका उपहार होइनन् । मौलिक अधिकारले मौलिक मूल्य बोकेको हुन्छ त्यसैले यसको विशिष्ट महत्व रहको छ ।

संविधानले पनि मौलिक अधिकार दिने होइन यसले त मौलिक अधिकार घोषणा गरिदिने मात्र हो। यो त सरकारको अख्तियारीमा सीमा लगाउने र नागरिक अधिकार संरक्षण गर्ने व्यवस्था हो । यसको विशिष्ट महत्व रहेको छ। निश्चय नै यसले सरकारको शक्तिलाई संवैधानिक तथा कानूनी सीमामा राख्न सहयोग गर्दछ। मौलिक हकको सार्थकताका लागि लोकतान्त्रिक शासन प्रणाली, स्वतन्त्र न्यायपालिका र सचेत नागरिक हुनु आवश्यक छ ।

मानव अधिकार र मौलिक अधिकारमा भिन्नता

| मानव अधिकार | मौलिक अधिकार |
|---|---|
| • मानवोचित व्यवहारका लागि आवश्यक पर्ने अधिकारहरूको समूह मानव अधिकार हो । | • संविधानमा समेटिएका अधिकारहरू जो मौलिक हकमा उल्लेख भएका हुन्छन् । |
| • मानवीय मर्यादाको जगेर्ना गर्न यो अपरिहार्य छ। यसको दायरा बृहत हुन्छ । | • सरकारलाई उत्तरदायी बनाउन यो आवश्यक हुन्छ। यसमा निश्चित अधिकारहरू मात्र समेटिएका हुन्छन् । |
| • सन्धि सम्झौताहरूबाट संहिताबद्ध हुन्छ । | • संविधानको मौलिक हकबाट प्रत्याभूत गरिएको हुन्छ |
| • यो अन्तर्राष्ट्रिय कानूनको विषय हो । | • यो राष्ट्रिय कानूनको विषय हो । |
| • स्थानीय अदालतदेखि अन्तर्राष्ट्रिय अदालत र मानव अधिकार समितिसम्म उपचारको प्रबन्ध गरिएको छ । | • संविधानले तोकेका अदालत खासगरी उच्च तहका अदालतलाई मौलिक अधिकार प्रचलन गराउने अधिकार दिइएको हुन्छ । |

मौलिक अधिकारको आवश्यकता

संविधानमा मौलिक हक अधिकारको व्यवस्था गरी सरकारलाई उत्तरदायी बनाउनु यसको उद्देश्य हो ।

यसले विशिष्ट मानव अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूति गरी शासन व्यवस्थामा प्रजातान्त्रिक गुणहरू समेटेको हुन्छ । यसले सरकारलाई सीमित तुल्याउँदछ । नागरिकहरूलाई अधिकार सम्पन्न बनाउँदछ ।

मौलिक हकको प्रचलन गराउनका लागि संविधानले उपचारको प्रवन्ध गरिदिएको हुन्छ । यो शासनमा स्वेच्छाचारिता नियन्त्रण गर्न गरिएको व्यवस्था पनि हो ।

मौलिक हक र प्रजातन्त्रको सापेक्ष सम्वन्ध हुन्छ । मौलिक हकको दायरा बढ्दै गएमा प्रजातन्त्र सँस्थागत हुदै जान्छ अर्थात मौलिक हक जति प्रभावकारी रूपमा उपभोग्य हुन्छ, त्यहाँ प्रजातान्त्रिक वातावरण त्यति धेरै फराकिलो र संस्थागत हुँदै जान्छ ।

यथार्थमा विधायिका र कार्यपालिकालाई नागरिक अधिकारको अतिक्रमण गर्न रोक लगाउन मौलिक हकको आवश्यकता परेको हो । यसले सरकारलाई सीमित बनाउन सहयोग गर्दछ ।

आइभर जेनिङ भन्छन् : मौलिक अधिकारका तीन वटा चुनौती छन् । पहिलो मौलिक अधिकारको प्रबन्ध गरेपछि त्यसको उपचारका लागि आवश्यक संयन्त्रको निर्माण गर्नु पर्दछ । दोस्रो मौलिक अधिकारका बारेमा जनताको दृष्टिकोण समेत परिवर्तन आवश्यक पर्दछ । तेस्रो कुनै पनि अधिकार आफैमा निरपेक्षरूपमा अभ्यास गर्न सकिदैन । यद्यपि लोकतान्त्रिक शासन व्यवस्थाको स्थापनाका लागि मौलिक हकको सुरक्षणको प्रत्याभूति अपरिहार्य हुन्छ ।

संविधानमा मौलिक हकको प्रत्याभूति गर्नुको पहिलो कारण नागरिकको र कतिपय अवस्थामा व्यक्तिको अधिकारको संरक्षण गर्नु नै हो । किनकी संविधानले प्रत्याभूत गरेका अधिकारहरू सहजरूपमा परिवर्तन गर्न सकिदैन । अर्को कारण हो संविधानबाट प्रत्याभूत गरिएका मौलिक हक अधिकारको विपरीत हुने गरी वा त्यस्ता अधिकारको कटौती हुने गरी विधायिकाले कुनै कानून बनाउन वा सरकारले कुनै निर्णय गर्न पनि सक्दैन ।मौलिक अधिकारको यो मान्यतालाई नेपालको संवैधानिक अभ्यासमा समेत आत्मसात गरिएको छ ।

**नेपालको संवैधानिक विकासक्रममा मौलिक हक**

मौलिक हकको दृष्टिले नेपालको संवैधानिक विकासक्रम हेर्दा क्रमशः विस्तार हुँदै आएको पाइन्छ । नेपाल सरकार वैधानिक कानून, २००४ मा भाग २ मा मौलिक हक र कर्तव्यको व्यवस्था गरिएको थियो । सो संविधानको धारा ४ मा भनिएको थियो : लोकनीति र सदाचारका सिद्धान्तहरूको वर्खिलाप नगरी मौलिक हकहरूको विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा वा संघ स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, ऐन कानूनी पूर्ण समानता, छिटो र सुलभसाथ पाइने इन्साफ, मुलुकभर अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा, उमेर पुगेका सबैले भोट गर्न पाउने समान हक, व्यक्तिगत सम्पत्ति संरक्षणका हकहरू दिने काम भएको छ ।

नेपाल अन्तरिम शासन विधान, २००७ को धारा १३ देखि २० सम्म राज्य नीतिका निर्देशक सिद्धान्तहरू अन्तर्गत विभिन्न हकहरूको व्यवस्था गरिएको छ । ती हकहरू मूलतः नागरिक तथा राजनीतिक अधिकारसँग सम्बद्ध रहेको देखिन्छ । तथापि निर्देशक सिद्धान्तभित्र समावेश भएकाले ती व्यवस्थालाई मौलिक हक मान्न सहज देखिदैन ।

नेपाल अधिराज्यको संविधान, २०१५ को भाग ३ मा धारा ३ देखि ९ सम्म मौलिक हकको व्यवस्था गरिएको छ, जसमा वैयक्तिक स्वतन्त्रता, समानता, धर्म, सम्पत्ति, राजनीतिक स्वतन्त्रता, सार्वजनिक हित र संवैधानिक उपचारको हकको प्रत्याभूति गरिएको छ । धारा ८ को सार्वजनिक हितको विषय मौलिक हकभन्दा पनि सोको सीमा जस्तो देखिन्छ ।

नेपालको संविधान, २०१९ को  धारा १० देखि १६ सम्म मौलिक हकको व्यवस्था गरिएको छ, जसमा समानताको हक, स्वतन्त्रताको हक, देश निकाला विरुद्धको हक, शोषण विरुद्धको हक, धर्मसम्बन्धी हक, सम्पत्तिको हक, संवैधानिक उपचारको हक रहेकाछन् । यो संविधानमा पनि धारा १७ मा सार्वजनिक हितको निमित्त मौलिक हकको प्रयोगमा बन्देज लगाउन सकिने व्यवस्था गरिएको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ देखि २३ सम्म १३ वटा मौलिक हकको प्रत्याभूति गरेको थियो । यथार्थमा मौलिक हकको कार्यान्वयनले प्रभावकारिता देखाएको पहिलो संविधानको रूपमा यो संविधानलाई लिन सकिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ मा धारा १२ देखि ३२ सम्म २१ वटा मौलिक हकको प्रबन्ध गरियो । वर्तमान संविधानले धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हकको प्रत्याभूति गरेको छ । यो संविधानले ३ वर्षभित्र मौलिक हक कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्था गर्न समेत निर्देश गरेको छ ।

**मौलिक हकको कार्यान्वयन**

मौलिक हकको कार्यान्वयनका लागि स्वतन्त्र न्यायपालिका आवश्यक पर्दछ । त्यस्तो हक अधिकारको कार्यान्वयनका लागि आवश्यक कानून र पूर्वाधारहरूको आवश्यकता पर्दछ । मौलिक हकलाई मुलुकको यथार्थ (reality of the nation) मानिन्छ । कुनै पनि आधार र कारण देखाएर मौलिक हकहरूको कार्यान्वयनको विकल्प खोज्न सकिदैन ।

संकटकालीन अवस्थामा पनि कतिपय मौलिक हक कार्यान्वयन भइरहेका हुन्छन् जसलाई nonderogable rights भन्ने गरिन्छ । संकटकाल लागू हुनुभन्दा अगाडिका अधिकार प्रचलन सम्बन्धी रिटहरू संकटकालको समयमा पनि प्रचलन गराउन सकिन्छ भनी सर्वोच्च अदालतले डम्वर सिंह गदालको रिटमा व्याख्या गरेको छ ।

मौलिक हकहरू संविधानको शोभाका विषय होइनन् । राज्यका प्रतिबद्धता हुन् । त्यसैले कुनै पनि बाहनामा मौलिक हकको कार्यान्वयनलाई न्यायिक मान्न सकिदैन । पछिल्लो समयमा मौलिक हकमा विस्तार भए पनि यसको कार्यान्वयन पक्ष फितलो रहेको आरोप लाग्दै आएको छ । कतिपय मौलिकहकहरू कानूनी व्यवस्था गरेर मात्र क्रियाशील हुन सक्ने अवस्थामा राखिएको पनि पाइन्छ । समयमा कानून बन्न नसक्दा संवैधानिक व्यवस्थाको उल्लंघन मात्र होइन, नागरिक अधिकारको मौलिक मूल्य समेत प्रभावित भएको अवस्था देखिएको छ । अमृता थामा मगरको रिटमा जारी भएको निर्देशनात्मक आदेशलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ । सो आदेशमा भनिएको छ :

मौलिक हकको कार्यान्वयनका लागि सर्वोच्च अदालतको एउटा फैसलामा भनिएको छ :

> संविधानमा मौलिक हकको व्यवस्था गरेर मात्र पुग्दैन, तिनको प्रचलन गर्न पनि पाउनु पर्दछ । त्यसका लागि कानून, नियम, निर्देशिका र आवश्यक भौतिक, संस्थागत तथा अन्य आधारहरू खडा गर्नु पर्दछ । यदि त्यस्ता हकहरू विद्यमान भएपनि तिनको प्रचलनमा पर्याप्त अवरोधहरू छन् भने तिनलाई अपराधीकरण पनि गर्नु पर्ने हुन्छ । संविधान वा कानूनमा स्वीकृत हकहरू राज्यका उपर दायित्व हुन्, जसलाई सुनिश्चित नगरीकन सूचीहरूको प्रतिस्पर्धा मात्र गर्नाले अन्ततः कानूनले निश्चितता गुमाउन पुग्ने र अराजक परिस्थितिहरू सिर्जना गर्न मद्दत पुग्ने हुन्छ । मौलिक हकको कार्यान्वयनका लागि न्यायालयले अभिभावकीय भूमिका निर्वाह गरेको हुन्छ । मौलिक हकमा अनुचित बन्देज लगाउने गरी कुनै कानून बनेमा सर्वोच्च अदालतले अमान्य र बदर गर्ने अधिकार राख्दछ ।

**नेपालको संविधानमा समेटिएका मौलिक हकहरू**

नेपालको संवैधानिक विकासक्रममा सबैभन्दा धेरै अधिकारलाई मौलिक हकमा समावेश गरेको संविधान वर्तमान संविधान नै हो । यो संविधानमा धारा १६ देखि ४६ सम्म ३२ वटा मौलिक हकहरू समावेश भएका छन् । मानव अधिकारको पुस्तावारी विभाजनका आधारमा हेर्दा पहिलो, देस्रो र तेस्रो पुस्ताका प्रतिनिधि अधिकारहरू मौलिक हकमा समावेश भएको पाइन्छ । पहिलो पुस्ताका अधिकारहरू स्वतन्त्रताजनित अधिकारहरू हुन् । दोस्रो पुस्ताका अधिकारहरू जीवनस्तर उत्थानसँग सम्बन्धित हुन् । तेस्रो पुस्ताका अधिकारहरू सामूहिक अधिकार हुन् । संविधानले मौलिक हकको कार्यान्वयनका लागि तीन वर्षभित्र कानून बनाइसक्नु पर्ने निर्देशन गरेको छ ।

**थप भएका मौलिक हकहरू**

नेपालको अन्तरिम संविधान, २०६३ ले विगतको संविधानको तुलनामा मौलिक हकमा संख्यात्मक वृद्धि गऱ्यो र अधिकारको सूची बढायो । त्यसमा केही अधिकारहरू थप गरी वर्तमान संविधानले मौलिक हकको विस्तार गरेको छ । खास गरी देहायका नयाँ अधिकारहरू थप गरेको छ :

| | |
|---|---|
| १) धारा २१ अपराध पीडितका हक | २) धारा ३७ आवासको हक |
| ३) धारा ४० दलितको हक | ४) धारा ४१ जेष्ठ नागरिकको हक |
| ५) धारा ४४ उपभोक्ताको हक | |

सामान्यतया मौलिक हकमा पहिलो पुस्ताका भनेर चिनिने नागरिक तथा राजनीतिक अधिकार मात्र समेटिने गरेको भए पनि पछिल्लो चरणमा आएर आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू पनि मौलिक हकमा समेटिन थालेको पाइन्छ । नेपालको संवैधानिक अभ्यासमा पनि सोही अनुसार मौलिक हकको दायरा विस्तार हुँदै आएको छ ।

**मौलिक हकको निलम्वन**

सामान्य अवस्थामा मौलिक हकहरू निलम्वन गर्न सकिदैन । तर विशेष अवस्थामा मौलिक हकमा नियन्त्रण कायम गर्न सकिने व्यवस्था संविधानले नै गरेको पाइन्छ । सबैलाई जानकारी भएको साझा विषय हो- संकटकालमा मौलिक हकहरू निलम्वन गरिन्छन् । यो संविधानले गरेको निर्देश अनुसार निलम्बन हुने अधिकारको सूची भिन्न भिन्न पनि हुन सक्छ । नेपालको अन्तरिम संविधानको सन्दर्भमा हेर्दा संकटकाल लागेको अवस्था र मौलिक हकमा उल्लिखित प्रतिवन्धात्मक वाक्यांशका आधारमा मौलिक हकहरू नियन्त्रित रहेको पाइन्छ । संकटकालमा निलम्बन गर्न सकिने अधिकारलाई derogable rights र निलम्बन गर्न नसकिने अधिकारलाई nonderogable rights भन्ने गरिन्छ ।

संविधानको धारा २७३ को उपधारा (१०) मा राष्ट्रपतिबाट सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश गरिंदा सो घोषणा वा आदेश बहाल रहेसम्मको लागि भाग ३ मा व्यवस्था भएका केही मौलिक हक निलम्बन गर्न सकिने व्यवस्था छ । तर कतिपय मौलिक हक निलम्बन नगरिने प्रत्याभूति पनि सोही उपधाराको प्रतिवन्धात्मक वाक्यांशमा गरिएको छ । संकटकालीन  अवस्थामा कार्यकारिणी उपर विश्वास गर्नु पर्दछ (trust the executive in an emergency) भन्ने मान्यतामा संकटकालमा मौलिक हक निलम्वन गर्ने अधिकार दिइएको हो । त्यसैगरी भाग ३ का विभिन्न धारा उपधारामा गरिएका प्रतिवन्धात्मक वाक्यांशले पनि मौलिक हकलाई कार्यान्वयन योग्य बनाउनुका साथै अधिकारको स्वेच्छाचारी प्रयोगमा नियन्त्रण समेत कायम गरेको पाइन्छ ।

**मौलिक हक कार्यान्वयनको अवस्था**

नेपालको संविधानमा मौलिक हकको विस्तार भएपनि कार्यान्वयनको अवस्था सन्तोषजनक नरहेको टिप्पणी सुनिन्छ । संवैधानिक सर्वोच्चता भएको मुलुकमा मौलिक हक अकार्यान्वयनको स्थितिमा रहनु हुँदैन । मौलिक हक कार्यान्वयनका लागि ढिलो गरी बनेका कानूनहरू प्रभावकारी रूपमा कार्यान्वयन भएका छैनन् । आम नागरीकमा मौलिक हक प्रतिको सचेतना र जागरण विकास हुन पनि बाँकी नै छ । हक प्रचलन गराउने न्यायिक प्रक्रियामा पनि शीघ्रता ल्याउनु पर्ने आवश्यकता छ । सर्वोच्च अदालतले एउटा आदेशमा भनेको छः मुलतः संविधान अधिकारहरूको दस्तावेज हो । हकहरूको घोषणा मात्र होइन, उपभोग समेतको सुनिश्चितता कायम गर्नु संविधानको साध्य हो । यो साध्यको प्राप्ति प्रति सबैको प्रयास रहनु पर्छ । हकहरूको सहजरूपमा प्रचलन हुँदा मात्रै जनताले न्यायको अनुभूति गर्न सक्छन् ।

**राज्यका निर्देशक सिद्धान्त**

सन् १९३७ को आयरिस संविधानद्वारा विकसित हुँदै आएको राज्यका निर्देशक सिद्धान्तको अवधारणा पछिल्लो समयमा बनेका संविधानको आधारभूत विशेषता नै बनेको छ । राज्यका निर्देशक सिद्धान्तले समग्र जनताको आर्थिक सामाजिक जीवनस्तर उठाउने तर्फ सरकारलाई निर्देशित गरेको पाइन्छ ।  नागरिकहरू राजनीतिक तथा नागरिक अधिकारको उपभोग गर्न सक्ने हुनका लागि आर्थिक एवम् सामाजिक रूपमा सशक्त हुनु पर्दछ । यही मान्यताका आधारमा राज्यका निर्देशक सिद्धान्तले लोककल्याणकारी अवधारणाको पक्षपोषण गर्दछ । यसले मुलुकमा आर्थिक सामाजिक प्रजातन्त्र स्थापना गर्ने तर्फ सरकारलाई निर्देशित गर्दछ । बस्तुत : राज्यका निर्देशक सिद्धान्त र नीतिहरू सार्वजनिक नीतिका स्रोत हुन् । विधायिकालाई कानून बनाउने मार्गदर्शक व्यवस्था पनि हुन् । यी व्यवस्थालाई Legal rights in the law making  पनि भन्ने गरिन्छ ।

आयरल्याण्ड, स्पेन, इण्डोनेसिया, थाइल्याण्ड, बंगलादेश, पाकिस्तान, भारत, फिलिपिन्स लगायतका देशहरूले संविधानमा राज्यका निर्देशक सिद्धान्तको उल्लेख गरेका छन् । राज्यका निर्देशक सिद्धान्त शासन संचालनका लागि सरकारलाई गरिएको संवैधानिक मार्गनिर्देश हो । लोककल्याणकारी अवधारणालाई क्रियाशील बनाउन तथा कार्यान्वयनमा ल्याउनका लागि निर्देशक सिद्धान्तले महत्वपूर्ण योगदान दिएको पाइन्छ । राज्यका निर्देशक सिद्धान्तहरू जनहितकारी कार्य गर्नका लागि सरकारलाई गरिएका निर्देशन हुन् । यी भविष्यदर्शी हुन्छन् र सामान्यतया अदालतबाट प्रचलन गराउन सकिदैन ।

विशेष गरी राज्यका निर्देशक सिद्धान्तमा दोस्रो पुस्ताका अधिकार भनेर चिनिने आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू समेटिएको हुन्छ । मौलिक हक र राज्यका निर्देशक सिद्धान्तहरू एकापसमा प्रतिस्पर्धी होइनन् । यी मध्ये कुनै ठूला वा साना पनि होइनन् । यी एक अर्काका परिपूरक हुन् । शासन व्यवस्थामा स्थीरता ल्याउने र अनुमानयोग्य बनाउनका लागि संविधानमा निर्देशक सिद्धान्तको व्यवस्था गरिएको हो । संविधानले शासनमा यस्ता गर्नु पर्ने कार्यको कबुल गराएको हो । त्यसैले यसलाई संवैधानिक प्रतिज्ञा पनि भनिन्छ ।

राज्यका निर्देशक सिद्धान्तले सरकारले भविष्यमा संचालन गर्नु पर्ने गतिविधिको मार्गदर्शन गर्ने भएकोले यसलाई शासन व्यवस्थाको भविष्यदर्शी दृष्टिकोण पनि भन्ने गरिन्छ । यो न्याययोग्य विषय नभएकोले यसलाई न्यायिक पुनरावलोकनबाट बाहिर राखेको मानिन्छ । तर पछिल्लो विकासक्रमसँगै यसको अवधारणामा परिवर्तन आउन थालेको छ । कतिपय अवस्थामा सर्वोच्च अदालतले मौलिक हकसँग जोडिएको अवस्थामा  राज्यका निर्देशक सिद्धान्तलाई पनि आधार लिई न्यायिक पुनरावलोकन गर्ने अभ्यास प्रारम्भ गरेको छ । निश्चय नै निर्देशक सिद्धान्तको कानूनी मूल्यभन्दा राजनीतिक मूल्य बढी हुन्छ ।

**राज्यका निर्देशक सिद्धान्तको आवश्यकता**

राज्यका निर्देशक सिद्धान्त कुनै पनि संविधानको अनिवार्य विषय होइन । यद्यपि यो विषय आधुनिक संविधानले समावेश गर्दै आएका छन् ।[1] राज्यका निर्देशक सिद्धान्त नहुँदैमा कुनै पनि संविधान अप्रजातान्त्रिक र अपूरो हुँदैन । अमेरिकाको संविधानमा पनि यो विषय समावेश भएको छैन । तर पनि देहायका कारणले संविधानमा राज्यका निर्देशक सिद्धान्त उल्लेख गर्नुपर्ने आवश्यकता देखिएको हो:

- शासन व्यवस्था संचालनको आधार तयार गर्नः संविधानले शासन व्यवस्था सञ्चालनको आधार प्रदान गर्दछ । यो सरकारलाई सार्वजनिक नीति तय गर्ने आधार पनि हो ।
- सरकारलाई मार्गनिर्देशन गर्नः सरकार राजनीतिक आस्थाका आधारमा विचारका आधारमा राजनैतिक दृष्टिकोणका आधारमा गठन हुने गर्दछ । हरेक राजनीतिक दलका आआफ्नै मूल्य र मान्यताहरू हुन्छन् । ती मान्यताहरूका आधारमा शासन व्यवस्था सञ्चालन गर्ने हो भने शासन व्यवस्थामा एकाधिकार कायम हुन सक्छ । दलीय दृष्टिकोण हावी हुन सक्छ । त्यसैले सरकारलाई मार्गनिर्देशन गर्न राज्यका निर्देशक सिद्धान्तहरू आवश्यक देखिएका हुन् ।
- सरकारलाई जनताप्रति उत्तरदायी बनाउनः राज्यका निर्देशक सिद्धान्तलाई सरकारलाई जनताप्रति उत्तरदायी बनाउने माध्यमको रूपमा पनि लिने गरिन्छ ।
- स्रोत साधनको सन्तुलित वितरण गर्नः राज्यका स्रोत साधनको सन्तुलित वितरणका लागि सरकारलाई मार्गनिर्देश गर्ने संविधानको व्यवस्था राज्यका निर्देशक सिद्धान्त अन्तर्गत रहेको हुन्छ । मुलतः राज्यका उद्देश्यहरू खासगरी आर्थिक उद्देश्यको निर्धारण यही भागमा गरिन्छ ।
- वैधानिक मापन गर्ने आधार खडा गर्नः शासन व्यवस्थाको वैधानिकता मापन गर्ने आधारको रूपमा राज्यका नीति निर्देशक सिद्धान्तहरू रहेका हुन्छन् ।
- सीमित सरकार स्थापना गर्नः सीमित सरकारको अवधारणा कार्यान्वयनमा ल्याउन पनि नीति निर्देशक सिद्धान्तले मद्दत गरिरहेको हुन्छ ।
- जनताको अपेक्षा प्राथमिकीकरण गर्नः राष्ट्रिय प्राथमिकता निर्धारण गर्न र जनताको अपेक्षालाई प्राथमिकीकरण गर्न पनि यी व्यवस्थाहरू प्रभावकारी हुन्छन् ।
- नीतिगत मार्गदर्शन गर्नः नीतिगत स्थीरता कायम राख्नका लागि नीतिको स्रोत र नीतिगत मार्गदर्शनका लागि राज्यका नीति निर्देशक सिद्धान्तहरू आवश्यक रहेको पाइन्छ ।
- लोककल्याणकारी कार्यमा अभिप्ररित गर्नः यसैको माध्यमबाट सरकारलाई लोक कल्याणकारी कार्यमा अभिप्रेरित गर्न सहयोग पुग्दछ ।

राज्यका निर्देशक सिद्धान्त र नीतिका विशिष्ट विशेषताहरू बुँदागत रुपमा यसप्रकार उल्लेख गर्न सकिन्छः

- सार्वजनिक नीतिका स्रोत हुन् । शासन व्यवस्था संचालन गर्ने प्रतिज्ञाका रूपमा रहेका हुन्छन् । यी मार्गदर्शक व्यवस्था हुन् ।
- मुलुकको विद्यमान अवस्थामा सुधार गरी पुग्ने गन्तव्य पहिचान गरिएको हुन्छ । यी भविष्यदर्शी प्रकृतिका हुन्छन् । मुलुकको परिदृश्य ९खषष्कष्यल० र परिलक्ष्य ९ष्कककष्यल० निर्धारण गर्ने तर्फ उन्मुख हुन्छन् ।
- राज्यका निर्देशक सिद्धान्त कार्यान्वयन भए भएनन् भनी अदालतमा प्रश्न उठाउन पाइदैन । त्यसैले यी न्यायिक पुनरावलोकनको दायराभन्दा बाहिर राखिएका हुन्छन् ।
- यिनले मुलुकको आवश्यकतालाई प्राथमिकीकरण गरिदिएका हुन्छन् ।
- सामान्यतया सकारात्मक अधिकारहरू समावेश भएका हुन्छन् । आर्थिक सामाजिक लोकतन्त्रलाई सुदृढ तुल्याउने दिशामा केन्द्रित हुन्छन् ।

---

1 राज्यका निर्देशक सिद्धान्त र नीतिलाई Conscience of constitution भनिन्छ ।

- राज्यको समग्रतामा प्राथमिकता निर्धारण गर्ने हुँदा यी राष्ट्रिय हित र समाजप्रति लक्षित रहेका हुन्छन् ।
- राज्यका निर्देशक सिद्धान्त र नीतिका आधारमा सरकार र शासन व्यवस्था सञ्चालन गरिने हुँदा यी व्यवस्थाले विशेष गरी कार्यपालिका र व्यवस्थापिकाका लागि मार्गनिर्देशन गर्दछन् ।
- यी राजनीतिक पुनरावलोकनका विषय हुन् । यिनको उल्लंघनको परिणाम नैतिक वा राजनीतिक प्रकृतिको हुन्छ ।

त्यसैले मुलुकमा उपलब्ध स्रोत साधनले भ्याएसम्म पूरा गर्नु पर्ने गरी सरकारलाई दिइएका संवैधानिक निर्देशनको रूपमा राज्यका निर्देशक सिद्धान्त रहेको पाइन्छ ।

**मौलिक अधिकार र राज्यका निर्देशक सिद्धान्तका समानता र भिन्नता**

समानता

मौलिक अधिकार राज्यका निर्देशक सिद्धान्त दुवै संवैधानिक व्यवस्था हुन् जसले शासन व्यवस्थालाई मार्गदर्शन गर्दछन् । दुवैको उद्देश्य राज्य र सरकारलाई जनमुखी बनाउने हो । दुवैले आधारभूत मानव अधिकारको पक्षपोषण गर्दछन् । दुवै राज्यको दायित्व र जिम्मेवारीभित्रका विषय हुन् । दुवै प्रजातन्त्रका आधारशीला हुन् । दुवै एक अर्काका परिपूरक हुन् । प्रतिस्पर्धी होइनन् । दुवैले राष्ट्रिय विकासको पक्षपोषण गर्दछन् । जनताको जीवनस्तर उत्थान गरी हक अधिकार उपभोग गर्न सक्ने बनाउनु दुवैको साझा उद्देश्य हो ।

भिन्नता

| मौलिक अधिकार | राज्यका निर्देशक सिद्धान्तहरू |
|---|---|
| • मूलतः यसमा नकारात्मक अधिकारहरू रहेका हुन्छन् । | • यो सकारात्मक अधिकारको सूचीकरण हो । |
| • यसले सरकारको स्वेच्छाचारिता नियन्त्रण गर्दछ । | • यसले लोककल्याणकारी भूमिका निर्वाह गर्न सरकारलाई निर्देशित गर्दछ । |
| • यो राज्यका विरुद्ध लक्षित हुन्छ । | • यसले राज्यलाई कुनै काम गर्न निर्देशित गर्दछ । |
| • न्यायिक उपचारको प्रबन्ध गरिएको हुन्छ । | • यो न्यायिक निरोपणको विषय होइन । |
| • यो न्यायिक पुनरावलोकनको आधार हो । | • सामान्यतया न्यायिक पुनरावलोकन हुदैन । |
| • यो तत्काल लागू हुन्छ । | • यो सरकारका लागि संवैधानिक मार्गनिर्देशन हो । यसलाई संवैधानिक प्रतिज्ञा पनि भनिन्छ । यो भविष्यदर्शी हुन्छ । |
| • यसमा मुख्यतः पहिलो पुस्तामा पर्ने नागरिक तथा राजनीतिक अधिकारहरू समेटिएको हुन्छ । | • यसले मुख्यतः दोस्रो पुस्ताका आर्थिक सामाजिक अधिकार समेट्दछ । |
| • यसको पालना राज्यका लागि बाध्यकारी हुन्छ । | • यसको पालना स्रोत साधनले भ्याएसम्म गर्दै जाने हो । |
| • यसको कानूनी दायित्व रहेको हुन्छ । | • यसको नैतिक वा राजनीति दायित्व हुन्छ । |
| • यो राज्यका विरुद्ध नागरिकलाई प्रदान गरेका हकहरूको सूची हो । | • यो नागरिकको आर्थिक, सामाजिक र साँस्कृतिक उत्थान गर्ने राज्यको दायित्व हो । |
| • यसले राजनीतिक प्रजातन्त्रमा जोड दिन्छ । | • यसले आर्थिक प्रजातन्त्रमा जोड दिन्छ । |
| • यसलाई सामान्यतया विधायिकी प्रक्रियाबाट खारेज वा संशोधन गर्न सकिदैन । | • यो विधायिकद्वारा स्पष्ट पारिने विषय हो । |

**नेपालको संविधानमा नीति निर्देशक सिद्धान्तहरू**

नेपालको संवैधानिक विकासक्रममा राज्यका निर्देशक सिद्धान्त उल्लेख नभएको संविधान नेपाल अधिराज्यको संविधान, २०१५ हो। नेपाल सरकार वैधानिक कानूनमा पनि राज्यका निर्देशक सिद्धान्तजस्ता केही प्रबन्ध रहेका थिए। नेपाल अन्तरिम शासन विधान, २००७ मा राज्यका निर्देशक सिद्धान्त अन्तर्गत मौलिक हकका व्यवस्था पनि समावेश भएको देखिन्छ। नेपालको संविधान, २०१९ मा शुरुमा राज्य नीतिका निर्देशक सिद्धान्तहरू उल्लेख गरिएको थियो भने पछि यसलाई पञ्चायत प्रणालीका निर्देशक सिद्धान्तहरू नामाकरण गरियो। नेपाल अधिराज्यको संविधान, २०४७ मा राज्यका निर्देशक सिद्धान्त र नीतिहरू उल्लेख गरियो। नेपालको अन्तरिम संविधान, २०६३ को भाग ४ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरूको व्यवस्था गरिएको थियो। वर्तमान संविधानले भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको बारेमा उल्लेख गरिएको छ।

| | |
|---|---|
| भाग-४ | |
| धारा – ४९ मार्ग निर्देशनका रूपमा रहने | धारा – ५० निर्देशक सिद्धान्त |
| धारा – ५१ राज्यका नीतिहरू | धारा – ५२ राज्यको दायित्व |
| धारा – ५३ प्रतिवेदन पेश गर्ने | धारा – ५४ अनुगमन सम्बन्धी व्यवस्था |
| धारा – ५५ अदालतमा प्रश्न उठाउन नसकिने। | |

संवैधानिक व्यवस्था हेर्दा वर्तमान संविधानले विगतको भन्दा भिन्न रूपमा नेपाल सरकारले राज्यका निर्देशक सिद्धान्त र नीतिहरूको कार्यान्वयनको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नु पर्ने व्यवस्था गरेको छ भने संसदको समितिले सो विषयमा अनुगमन गर्ने व्यवस्था समेत गरेको छ। न्यायिक पुनरावलोकनको विषय नभए पनि यो विषय राजनीतिक पुनरावलोकन हुन सक्ने गरी भएको यो संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुने हो भने यी सिद्धान्त र नीतिहरू साँच्चै नै सार्वजनिक नीतिको स्रोतको रूपमा रहन सक्ने अवस्था देखिन्छ।

**राज्यका निर्देशक सिद्धान्तहरू र न्यायिक पुनरावलोकन**

- योगी नरहरि नाथको रिट
- प्रकाशमणि शर्माको रानी पोखरीको विवाद
- बालकृष्ण न्यौपानेको श्रम नियम बदर मुद्दा
- निजामती सेवामा समावेशीकरणको मुद्दा
- मिथिलेश कुमार सिंहको मोहीयानी सम्बन्धी मुद्दा
- सुनिलबाबु पन्तको तेस्रो लिंगीको अधिकार सम्बन्धी आदेश

**निष्कर्ष**

मौलिक हक र राज्यका नीति निर्देशक सिद्धान्तहरू संविधानका आधारभूत विशेषताहरू नै हुन्। यी दुईको चरित्रमा भिन्नता रहेको छ। केही हदसम्म यिनीहरू समान पनि रहेका छन्। त्यसैले यी एक अर्काका परिपूरकको रूपमा पनि रहेका छन्। नेपालको वर्तमान संविधानले प्रत्याभूत गरेका मौलिक हक र राज्यका निर्देशक सिद्धान्तहरूको संयोजन हेर्दा उदार लोकतान्त्रिक शासन व्यवस्था र समाजवादी लोकतन्त्रात्मक शासन व्यवस्थाको संयोजन गरेको देखिन्छ। मूलत: मौलिक हकहरू राजनीतिक प्रजातन्त्रसँग जोडिएका हुन्छन्। नागरिक स्वतन्त्रतासँग जोडिएका हुन्छन्। राज्यका नीति निर्देशक सिद्धान्तहरू आर्थिक सामाजिक परिवर्तन र मुलुकको समग्र रूपान्तरण र विकासका मार्गनिर्देशक भएर रहेका हुन्छन्। त्यसैले यिनलाई सभ्यता निर्माण तर्फको प्रस्थान विन्दुको रूपमा पनि लिने गरिन्छ।